

# इमान र निष्ठाका द्योतक नरेश



सन्तोष आचार्य

नेपाली राजनीतिक रंगमञ्चमा इमान र निष्ठाको चर्चा हुन्छ । कुनै बेला राजनीतिमा रोल मोडल मानिएकाहरू नै यति बेला सत्ता संघर्षको केन्द्रमा छन् । नेतृत्वप्रति हिजोका दिनमा जुन आस्था र आदर्श प्रकट हुन्थ्यो त्यो आज फुटेको काँचभ्कै देखिन्छ । नाङ्गो आङ र पटपटी फुटेका पैतालासहित मुक्ति आन्दोलनमा हेलिएकाहरू नै आज इमान र निष्ठाको मृगतृष्णामा देखिन्छन् ।

हामी बाँचेको युगमा इमान र निष्ठा सहारा मरुभूमि भ्कैं लाग्दो छ । जीवनका आधा शताब्दीभन्दा बढी समय कठोर राजनैतिक साधनामा खर्चेका क्रान्तिकारी योद्धा हुनुहुन्छ-कमरेड नरेश खरेल । नेपालको सुदूर पूर्वी जिल्ला झापाको बिर्तामोडमा स्थायी बसोवास रहेका उहाँ झापा विद्रोहका नायक तथा जेलब्रेक अभियानका योजनाकार मध्येका एक हुनुहन्छ ।

### कमरेड नरेशको पृष्ठभूमि

"एउटा इमान्दार नागरिकले अनेकखाले झमेला झेल्नु पर्छ,
जीवनमा आउने सबैखाले अवसरवाद र समस्या पर्गेल्नु पर्छ ।
मलाई प्राप्ति के भयो ? यो ठुलो कुरा होइन,
परिवर्तन संस्थागत गर्न र उपलब्धीको रक्षा गर्न सक्नु पर्छ ।"

कुराकानीको प्रारम्भमैं कमरेड नरेशले कविताको शैलीमा राजनैतिक जीवनको अनुभव र सार सुनाउनुभयो । उहाँ भूमिगत राजनीति गर्दा

जनवादी गीत तथा परिवर्तनका गीत र कविता लेख्नुहुन्थ्यो । तत्कालीन समयमा खुब चर्चामा आएको र पार्टीको मुख पत्र 'वर्ग संघर्ष'मा छापिएको एउटा कविता उहाँले स्मरण गर्नुभयो, 'आलै छ रगत मुटुमा एक्काइस फागुन भुल्दैनौं, क्राान्तिको बाटो अँगाल्ने वीर सहिदलाई भुल्दैनौं ।' तर यतिबेला भने कमरेड नरेशको सिर्जनाभन्दा पनि सामान्य काममै समय बित्ने गरेको छ ।

कुनै समयको नेपाली राजनीतिको रोल मोडल बन्नुभएका नरेश खरेल यतिबेला गुमनाम जस्तै हुनुहुन्छ । देश र जनताका लागि जीवनका उर्वर समय खर्चेका नरेश खरेलले कहिल्यै लाभको पद, शक्तिको लालसा र सुखको चाहा गर्नुभएन । बरु सधैं पार्टीको नीति, सिद्धान्त र निर्देशनलाई स्वीकार गरी निष्ठापूर्वक पालना गर्नुभयो ।

## जन्म, परिवार र शिक्षा

माता थीरमाया र पिता जयनारायण खरेलका कान्छा पुत्रका रुपमा नरेश खरेलको २००९ साल चैत्र २१ गते ताप्लेजुङको सिनाममा जन्म भएको हो । २००७ सालको क्रान्तिपछि मुलुकमा जहानियाँ राणा शासनको अन्त्य भई देशमा नयाँ राज्य सत्ताको अभ्यास भईरहेको थियो । सामान्य किसान परिवारमा जन्मिनुभएका कमरेड नरेशले सिनामकै माध्यमिक विद्यालयबाट कक्षा ९ सम्म र त्यसपछि झापाको धुलावारी मावि हुँदै इलामबाट २०२६ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो ।

राजनीतिक संलग्नता, भूमिगत जीवन र जेल यात्राकै क्रममा २०३८/२०३९ सालमा खरेलले स्नातकसम्मको पढाई पूरा गर्नुभयो ।

२१ वर्षको कलकलाउँदो उमेरमा जन्म कैदको फैसलाबाट जेल पर्नुभएका खरेल २०४६ साल पुसमा रिहा हुनुभयो । जीवनको उर्वर समय अर्थात करिब १७ वर्ष जेलमा बस्नुभएका खेरलको जीवनमा राजनीति, पार्टी र जनताभन्दा बाहेक अरु कुनै कुरा थिएन । परिवार कहाँ छ ? कस्तो

अवस्थामा छन् ? बाँकी जीवन कसरी अगाडि बढ्छजस्ता कुरा नरेशले सोच्नुभएककै थिएन । पारिवारिक र व्यवहारिक जीवनको बारेमा भन्दा पनि देश र जनताको मुक्तिलाई प्राथकिमतामा राखेका खरेलले जेल रिहासँगै घर, परिवार पनि सोच्नु पर्ने भयो । यसै क्रममा कमरेड अमृत वोहराको विशेष पहलमा पवित्रा निरौलासँग २०४७ सालमा विवाह भयो । दमक निवासी माता खड्गामाया र पिता छविलाल निरौलाकी जेठी छोरी पवित्रासँग विवाह भएको थियो । पवित्रा निरौला पनि पार्टीमैं हुनुहुन्थ्यो, जिम्मेवारी इलाममा थियो ।

खरेलको विवाहको एउटा रोचक प्रसंग छ । विवाह मंसीर २५ गतेलाई तय भएको थियो । विवाहको दिन बेहुलासहित जन्ती बेहुलीका घर पुगेछन् । विवाह जनवादी शैलीमा तयारी गरिएको थियो । जन्ती पुगेपछि घरमा गाईंगुईं हुन थाल्छ । बेहुली खोइ त ? अहिलेसम्म आइपुगेकी छैनन् भन्ने सुनिन थाल्यो । सबै मुखामुख गर्न थाले । जस जसलाई कारण थाहा थियो उनीहरू पनि केहि हतास जस्तो देखिन्थे भने जसलाई कुनै कुरा थाहा छैन उनीहरू अलमल्लमा देखिन्थे । जन्ती बेहुलीका घर पुगेको आधा घण्टा भइसकेको थियो । यत्तिकैमा बेहुली हस्याङ्फस्याङ् गर्दै आइपुगिन् । हतार हतार भित्र पसेर तयार भएपछि वैवाहिक कार्यक्रम सुरु भयो । पार्टी कामको चटारोले समयमा आइपुग्न नसेको कुरा भनेपछि जन्ती र घर पक्षकाले लामो सास फेरेर विवाह सम्पन्न गरे ।

कुनै बेला पार्टी काम र जिम्मेवारीलाई कार्यकर्ताले कुन रुपमा लिएका थिए भन्ने यो एउटा उदाहरण हो । यतिमात्र होइन, विवाह भएको भोलिपल्टै नरेश खरेलले झापा र पवित्रा निरौलाले इलाममा अलग अलग भई आ-आफ्नो पार्टी जिम्मेवारी निर्वाह गर्नुभएको थियो । पछि निरौलाको पार्टी सदस्यता झापा नै सारिएको थियो ।

विवाह हुँदा खरेलसँग आफ्नो सम्पत्ती केही पनि थिएन । क्रान्ति सफल भएपछि सबै ठीक हुन्छ भन्ने विश्वास र पार्टी प्रतिको आस्था नै सम्पत्ती

थियो । दुवै जना राजनीतिमा लागेको र होलटाइमर भएकाले नीजि जीवन नै नभएजस्तो थियो । सबै समय पार्टीलाई दिनु पर्थ्यो । त्यसबेलाको कुरा स्मरण गर्दै खरेल भन्नुहुन्छ, “क्रान्ति र परिवर्तनका लागि त्योबेला जुन आस्था र विश्वास थियो त्यो वास्तवमै एउटा इमान र निष्ठाको कुरा रहेछ । आज दुर्लभजस्तै भएको छ ।”

पार्टी काम र राजनीतिक जिम्मेवारीसँगै घर परिवारको जिम्मेवारी पनि बढ्दै गयो । पार्टीभित्र अवसरवाद हावी हुँदै गयो । निष्ठावान र इमान्दारहरू किनारा लाग्दै जान थाले । क्रान्ति र परिवर्तनका कुरा भ्रमजस्ता लाग्न थाले । विस्तारै पार्टी दलालपूँजीवादको पोल्टामा पर्न थाल्यो । यस्तो बेला पनि नरेश खरेलले व्यक्तिगत स्वार्थ र पद लोलुपताभन्दा पनि कम्युनिष्ट आदर्श र विचारलाई कहिल्यै लत्याउनुभएन । बरु कयौं अवसरहरूलाई त्याग गर्नुभयो । कम्युनिष्ट आन्दोलन प्रतिको नरेशको आस्था र विश्वास भने कहिल्यै डगमगाएन ।

खरेल परिवारको बसाई झापाको विर्तामोडमा छ । खरेल दम्पत्तीका दुई छोरी छन् । दुवै जनाको विवाह भइसकेको छ, आ-आफ्नो व्यवहारमा छन् । पवित्रा खरेल झापा क्षेत्र नं. २ बाट संघीय सांसद र अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सभापतिको जिम्मेवारीमा हुनुहुन्छ भने नरेश खरेल पार्टीको कुनै पनि परिभाषित जिम्मेवारीमा हुनुहुन्न ।

## राजनीतिक चेतना र संलग्नता

जहानियाँ राणा शासनको अन्त्यपछि पनि समाजमा अन्याय, अत्याचार, दमन र उत्पीडन कायम थियो । नाम मात्रको प्रजातन्त्र थियो । जमिन्दार, सामन्तहरूले गरीब किसानहरूमाथि गर्ने थिचोमिचो रोकिएको थिएन । देशका दुर दराजमा रहेका सिधा सोझा जनताको शोषण र उत्पीडनका बारेमा बोल्नेहरूलाई ‘कम्युनिष्ट’ भनेर दमन गर्न थालिएको थियो । नरेश खरेल दाजुको हत्या र बाल्यकालका केही घटनाहरूले उहाँलाई राजनीतिप्रति आकर्षित गर्दै थियो ।

**घटना १ :** २०१० साल ताकाको कुरा हो, त्यो बेला देशमा प्रजातन्त्र थियो तर कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध थियो । देशमा प्रजातन्त्रका नाममा राणाहरूको धङ्धडीसहित राजा र काँग्रेसको सरकार थियो । यहि अवधिमा नरेश खरेलका जेठा दाजु योगेन्द्रको झापामा हत्या हुन्छ । उहाँको हत्यालाई आत्महत्या बनाउने प्रयास गरिन्छ । झुन्डिएर आत्महत्या गरेको भन्ने बनाउन खोजिन्छ तर सफल नभएपछि अन्य कारणले नै मरेको भन्ने बनाएर यो घटनालाई सामसुम पारिन्छ ।

**घटना २ :** यो २०२० साल तिरको कुरा हो । विद्यालयमा पढ्दै गरेको समय हो । विद्यालयको टिफिन समयमा प्रेमप्रसाद ढुंगाना नामका शिक्षकले सामान्तहरूले गरीब किसानहरूमाथि गर्ने थिचोमिचोका बारेमा कुराकानी गर्ने र त्यसविरुद्ध लाग्न विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहुन्छ । यहि क्रममा कहिले काहिं माओत्से तुंगको रेडबुक र चीनको सचित्र जस्तो सामग्रीहरू देख्न र पढ्ने वातावरण बन्छ ।

**घटना ३ :** २०२५ सालतिर नरेश खरेल ताप्लेजुङबाट झापा आउनुहुन्छ । धुलावारी, झापामा आएपछि भुवन आचार्य, धनेन्द्र पौडेलहरूसँग संगत हुन्छ । यहिबेला पढाईको सिलसिलामा इलाम पुगेपछि भक्त देवान, विष्णु नवीन, हरि नेपाललगायतका साथीहरूसँग भेट हुन्छ । साथीहरू मिलेर एउटा अभियान थाल्ने सोच बनाउछँन् र जनज्योति नामको क्लब खोलेर सामाजिक, राजनीतिक गतिविधि सुरु हुन्छ ।

यी प्रतिनिधि घटना मात्र हुन् । यससँगै समाजमा विद्यमान शोषण, उत्पीडन, अन्याय, अत्याचार र विभेदका घटनाहरूले उहाँले राजनीतितिर पाइला मोड्नुभयो ।

नेरशका दाजुको मृत्युपछि आमाले घाँस दाउरा, चुलोचौको गर्दै गर्दा दाजुको हत्या भएको पीडा पोख्नु हुन्थ्यो । कुनैकुनै बेला एक्लै भुत्भुताउदै "मारे अपराधिहरूले मारे" भनेको नरेशले सुन्नुहुन्थ्यो । यो सुन्दा मनमा एक प्रकारको भाव उत्पन्न हुने, जिज्ञासा उत्पन्न हुने तर सोधि खोजी गर्ने कोसँग ? नरेशको मनमा उकुसमुकुस भइरन्थ्यो ।

महाकालीको कन्चनपुरमा त्यहि वर्ष भीमदत्त पन्तलाई निर्मम र विभत्स हत्या गरिएको थियो। किसान आन्दोलनका मसिहा पन्तको महाकाली र किसानहरूमाथि हुने थिचोमिचोविरुद्ध बोल्ने योगेन्द्र खरेलको मेचीमा हत्या भएको थियो। राज्य संयन्त्र जताततै क्रान्तिकारीहरूलाई खोजी खोजी हत्या गर्ने, दमन गर्ने र उनीहरूका परिवारलाई दुःख दिन तल्लिन थियो। यसैक्रममा नरेशका दाजुको पनि हत्या गरिएको थियो। विद्रोही स्वाभावको दाजुले अन्याय, अत्याचारविरुद्ध बोल्दा मर्नु परेको घटनाले नरेशलाई भित्रैबाट घचघच्याइ रह्यो।

नरेश वर्षको नहुँदै उहाँको हत्या भएको थियो। दाजुको स्वभाव र हत्याबारेमा आमाले भनेको सुनेपछि एक प्रकारको विद्रोह जस्तो, इख जस्तो, बद्ला लिनु पर्छ जस्तो, अन्यायी सत्तालाई ढाल्नु पर्छ, लड्नु भिड्नु पर्छ जस्तो नरेशलाई भइरहन्थ्यो। विद्यालयका शिक्षकको कुरा, छोरो वियोगमा आमाको पीडा, तत्कालीन सामाजिक परिवेश र झापा आए पछिको संगतले उहाँलाई झन विद्रोही बनायो।

यतिबेलासम्ममा झापामा कम्युनिष्ट गतिविधि सुरु भइसकेको थियो। कम्युनिष्ट भनेका न्याय र समानताका निम्ति लड्ने हुन्। उनीहरूले समानतापूर्ण व्यवहार गर्छन, होचो, अर्घेलो गर्दैनन् भन्ने मान्यता थियो। ताप्लेजुङमा जिमवाल, डिठ्ठा, सुब्बाहरूको शोषण र जगजगी सहेर, देखेर आएको नव युवाले झापामा झन अत्याचार र अन्याय भएको देख्नुभयो। त्यसबेलाको घटना र परिवेश सम्झदै नरेश भन्नुहुन्छ, 'त्यसपछि म कम्युनिष्ट पार्टीमा संलग्न भए।'

## राजनीतिक यात्रा

यतिबेलासम्ममा नेपाल कम्युनिष्ट पार्टीको नाममा देशभर संगठन, कमिटीहरू निर्माण हुँदै थिए। झापामा पनि मदन खपाङ्गीको अगुवाईमा कमिटी बनेको थियो। पढाइको सिलसिलामा नरेश इलाम पुगेको बेला राधाकृष्ण मैनालीसँग भेट भयो। "पञ्चमृत" नामको पत्रिकामार्फत

राजनीतिक गतिविधि हुने गरेको रहेछ। त्यहि पत्रिकाको बजारबारे कुराकानी भयो । पछि २०२७ सालतिर फेरि झापा झरेपछि सीपी मैनाली, राधाकृष्ण मैनाली, नेत्र घिमिरेहरूसँग भेट भयो । यो भेटघाट र कुराकानीले खरेलको पार्टी गतिविधि र राजनीतिक संलग्ता बढाउदै लग्यो । यसबेला राधाकृष्ण मैनालीको नेतृत्वमा पूर्व कोशी प्रान्तीय कमिटी बनेको रहेछ । यो कमिटीमा नरेश पनि सदस्य हुनुभयो ।

यसैक्रममा नरेशले केही समय झापाको मालपोत कार्यालयमा जागिर पनि खानु भयो । काकाले लगाइदिनु भएका जागिरे जीवन राजनीतिका कारण लामो समयसम्म जान सकेन । वीचमैं नरेश भूमिगत हुन पऱ्यो, सीपी कमरेडहरू भूमिगत भइसक्नु भएको थियो ।

**किसान आन्दोलनः झापा विद्रोहको भ्रूण**

जमिनदार सामन्तहरूको अन्याय, अत्याचार दिनदिनै बढ्दो थियो। भूमिहीन किसान र गरीब किसानहरूमाथिको शोषण, दमनले सीमा नाघ्न थाल्यो। सामान्तहरूले मोहीहरूलाई जमिनबाट बेदखल गर्ने क्रम तिब्र बनेको थियो । कयौं स्थानमा सामान्त र गरीब किसानहरूबीच झडपहरू भइरहेका घटना सुनिन थालेका थिए। कति ठाउँमा सामान्तले गरीब किसानका हलगोरु काटेको, किसानहरूलाई कुटपिट गरेको घटनाहरू हुन थालेका थिए। सामान्त र किसानको विवाद भन्दै अनाहकका गरीब किसानको ज्यान लिनेजस्ता घटनाहरू भइरहेका थिए। यस्तो बेलामा कम्युनिष्ट पार्टीले कुनै न कुनै प्रतिकार गर्नु पर्ने, गरीब किसानहरूको रक्षा गर्नु पर्ने अवस्था आएको थियो ।

अर्को तिर, भारतमा चारु मजुम्दारको नेतृत्वमा भई रहेको नक्सलाइट आन्दोलनको प्रभाव पनि पर्दै गइरहेको थियो। वैचारिक रुपमा पढिंदै गरेको नक्सालाइट आन्दोलन विस्तारै झापामा भौतिक रुपमा पस्दै थियो । नक्सलाईट आन्दोलनका दुई कार्यकर्ता भोगेन राजवंशी र राजन राजवंशी झापा पार्टीको सम्पर्कमा आइसकेका थिए। उनीहरूको उत्तेजक चेतको

प्रभाव झापाली नवयुवा क्रान्तिकारीहरूमा पनि देखिन थालेको थियो। त्यस्तै चिनिया क्रान्तिको पनि प्रभाव परिरहेको थियो। यस्तो वस्तुगत अवस्थामा झापाको पार्टी कमिटीले "सामान्तवाद, दलाल नोकरशाही पूँजीवादका शोषण उत्पीडनको अन्त्य गर्ने, राजतन्त्रको अन्त्य गर्ने र जनगणतन्त्र स्थापना गर्ने उद्देश्य सहित "सशस्त्र संघर्षको बाटो" तय गर्ने कार्यनीति" पास गऱ्यो। यो निर्णय गर्दै गर्दा नरेश खरेल सहित १३ जनाले निर्णय पुस्तिकामा हस्ताक्षर गर्नुभयो। नरेशकाअनुसार झापा विद्रोहका लागि यो नै मुख्य नीतिगत राजनैतिक निर्णय थियो। जसको जगमा झापामा एक्सनहरू भएका थिए।

यसअघि नै राधाकृष्ण मैनालीको नेतृत्वमा कोअर्डिनेशन कमिटी बनिसकेको थियो। पछि नरेश खरेललाई सो कमिटीमा राखियो। राधाकृष्ण मैनाली सचिव भएको कमिटी नै पार्टीको जिल्ला कमिटी बन्यो। यो कमिटीमा नरेश खरेलसहित सिपी मैनाली, केपी ओली , मोहनचन्द्र अधिकारी, नेत्र घिमिरे, रामनाथ दाहाल, शिव सिवाकोटी, डम्बर वानिया, तील विक्रम ढकाल, लीला कट्टेल, हर्क खड्का, विरेन राजवंशीहरू रहेका थिए।

पार्टीले तय गरेको रणनीतिबमोजिम नै झापामा किसानहरूले सामान्तविरुद्ध एक्सन सुरु गरेका थिए। भारतमा चलिरहेको नक्सलाईट आन्दोलन जसले सामान्त सफाय अभियान चलाएको थियो, यहाँ पनि त्यसको प्रभाव देखिन थाल्यो। कमरेड नरेश यसबेलासम्म पार्टीको नीति निर्माणमा प्रत्यक्ष संलग्न हुन थाल्नुभएको थियो। पार्टी कामलाई उठाउन, जनताका बीचमा जाने, संगठन गर्ने, गीत, कविता रचना गरेर जागरण फैलाउने जस्ता कामको नेतृत्व कमरेड नरेशले गर्नुभयो। पार्टीमा मोहन चन्द्र अधिकारी र रामनाथ दाहाल उमेरले अलि परिपक्व हुनुहुन्थ्यो। मोहनचन्द्र विचारोत्जक कुरा गर्ने स्वाभावका र रामनाथ परिपक्व नेताको गुण भएका थिए। अरु नरेश, सीपी, आरके, केपी उस्तै उस्तै उमेर समूहका हुनुहुन्थ्यो। अर्थात, त्यो बेला २०-३० उमेर समूहका युवाले पार्टी चलाएका थिए।

**सामन्त सफाया 'एक्सन'**

सामन्तको अन्याय र अत्याचारविरुद्ध सशस्त्र संघर्षको बाटो तय गरेको कुरा विभिन्न क्लस्टरहरूमा प्रचारित भइसकेको थियो । यही नीतिका कारण २०२८ साल जेष्ठमा सामन्त सफायाभन्दै पहिलो एक्सन भयो । यो एक्सनमा ज्यामिरगढीका कर्णप्रसाद गौतम मारिए । यो घटना भएको तीन महिनाभित्रै सालवारीमा भएको दोस्रो एक्सनमा बुटन चौधरी मारिऐ । पछि प्रशासनद्वारा खोजविन र धरपकड सुरु भयो । तर यो हत्या राजनैतिक हो कि होइन भन्ने प्रष्ट नभएकाले राज्यले त्यति धेरै चासो दिएन । यसको केही समयपछि असारमा गरमनीमा भएको तेस्रो एक्सनमा विष्णुप्रसाद विमली मारिए । जमिन्दार विमली र मोहिबीचको विवाद नटुंगिएपछि यो एक्सन भएको थियो । यो एक्सनमा विमलीका ज्वाईसँगै भएकाले उनको पनि ज्यान गएको थियो ।

यसक्रममा भएको हत्या र एक्सनका बारेमा समीक्षा गर्न चारपानेका जेठो सतारको घरमा पार्टीको बैठक बस्यो । बैठकले एक्सनको समीक्षा गर्दै भावि नीति तय गऱ्यो । पार्टीले “एक्सन प्रियता बढेको” निष्कर्ष निकाल्दै “अब एक्सन रोक्ने” निर्णय लिएको थियो । यो निर्णय केहि समयका लागि एक्सन रोक्ने र राजनैतिक चेतना बढाउने भन्दै भएको थियो ।

यहि बेला आरके विरामी परेको र पार्टी कामलाई नेतृत्व दिन असमर्थजस्तै भएका कारण अबको नेतृत्व कसले गर्ने भन्ने विषयमा छलफल सुरु भयो । पार्टीभित्र व्यापक छलफल र केहि अन्तरविरोधसहित केपी ओलीलाई पार्टीको नेतृत्व दिने निर्णय भएको थियो । 'केपी ओलीले चारु मजुम्दारको “गरीब भूमिहीन वर्गबाट क्रान्तिको नेता तयार गर्नुपर्छ” भन्ने लेखको आधारमा राधाकृष्ण मैनाली जमिन्दार वर्गको भएकाले उनलाई हटाई आफू सचिव बन्नु पर्ने दावी गरेको तर नेतृत्व त्यसरी यान्त्रिक रुपले नभई राजनीतिक क्षमता र चेतनाको आधारमा चयन हुनुपर्ने कुरामा आफूले जोड दिएको सीपी मैनाली बताउँछन् ।'- (वालचन्द्र मिश्र, झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म) यसरी बनेको केपी ओली सचिव

भएको कमिटीलाई नै पार्टीको संगठन कमिटी भनिएको थियो । त्यसपछि पनि एक्सनहरू भएका थिए ।

गरामनी कै रुद्रकान्त (कहीं कहीं उद्रकान्त पनि भनिएको छ) राजवंशीमाथि एक्सन भयो । रुद्रकान्तको शोषण-उत्पीडन यति थियो कि त्यसको रोष स्थानीयले लासमाथि पनि पोखेका थिए। यी एक्सनहरूपछि झापामा राज्यको धरपकड र ज्यादती बढ्यो । एक ढंगले पञ्चायती शासकहरू तिलमिलाएजस्तो भयो । लगत्तै शनिश्चरेका धर्मप्रसाद ढकालमाथि एक्सन भयो । यो एक्सनमा धर्मप्रसादका छोरा ज्ञानप्रसाद ढकालको पनि ज्यान गएको थियो । यो हत्याकाण्डपछि तत्कालीन सत्ता र सरकार नराम्ररी हल्लियो ।

एक्सन रोक्ने निर्णय भए पनि किसानहरूले सामान्तमाथिको आक्रमण रोकेनन् । निरन्तर एक्सन भई रह्यो । नरेशकाअनुसार, “निर्णयको अन्तर्य एक्सन रोक्नेभन्दा पनि बुद्धिजीवि र पार्टीका संगठक नेताको अगुवाईमा एक्सन नगर्ने, त्यसको ठाउँमा गरीब किसानहरूकै नेतृत्वमा एक्सन गर्ने नीति बनेको थियो । यसै कारण एक्सन नरोकिएको हो ।” सशस्त्र संघर्षको बाटो अख्तियार गर्ने नीति पारित गरेर र एक्सन पूर्ण रुपमा रोक्ने भन्ने थिएन । नरेश खरेलको तर्क ‘नीतिमै परिवर्तन हुनु पर्छ भन्ने थियो । त्यो बेला नीतिमाथि छलफल नगर्ने अहिले आएर सामान्तका परिवारलाई खुसी बनाउने दाउपेचमा “म त व्यक्ति हत्याको पक्षमा थिईंन” भन्नु झापा विद्रोहप्रति अपमान गर्नु हो ।’ खरेल यो सन्दर्भमा स्पष्ट हुनुहुन्छ, निर्णयको अपनत्व लिनु पर्छ र कमजोरी भए स्वीकार गर्नु पर्छ। यी एक्सनहरू हुँदा पार्टीको सचिवको जिम्मेवारीमा पार्टीका वर्तमान अध्यक्ष केपी ओली नै हुनुहुन्थ्यो ।

धर्मप्रसाद ढकालको हत्यापछि झापाको माहौल नराम्ररी बिग्रिएको थियो । प्रशासनका मानिसले क्रन्तिकारीहरूका घरघरमा ज्यादती गर्न थालेका थिए। यस बेलासम्म धेरै साथीहरू भूमिगत भईसकेका थिए। यस्तो

बेला पार्टीमा नेतृत्वको अभाव देखिएको थियो। यसैबेला २०२९ साल फागुनमा बुधवारेमा एउटा भेला आयोजना भयो। त्यो भेलामा केपी ओली अनुपस्थित भएको र भेलाले सीपी मैनालीलाई सचिव बनाएको थियो। यो भेला लगत्तै फागुन २१ मा पाँच जना होनहार क्रान्तिकारीहरू नेता (रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुईंकेल, विरेन राजवंशी र नारायण श्रेष्ठ)हरूलाई जेल सार्ने बहानामा सुखानीमा कायरतापूर्वक गोली हानी हत्या गरियो।

पार्टीका परिपक्व नेतालाई निरंकुश पञ्चायतले क्रुरतापूर्वक हत्या गरेपछि झापाली जनता आतंकित र त्रसित बने। यसपछि झन धरपकड र दमनको ज्यादती बढ्यो। यसै क्रममा २०३० साल साउन २० गते कमरेड नरेश खरेलसहित राधाकृष्ण मैनाली, लीला कट्टेल, नारद वाग्ले, हर्क खड्का, दिल बहादुर खड्कालगायत पक्राउ परे। यहि क्रममा चन्द्र डाँगी मारिए। यो घटनालाई झापा आन्दोलनभित्र नडियावारी काण्डका रुपमा बुझिन्छ।

## जेल यानता र जेल ब्रेक

२०३० साल साउन २० गते पक्राउ परेपछि नरेश खरेलहरूलाई चन्द्रगढी कस्टडिमा ३२ दिनसम्म राखेको थियो। त्यसपछि झापा जेलमा १० महिना र वीरगञ्ज जेल, सेन्टर जेल, भद्रगोल हुँदै नख्खु जेलमा राखियो।

जेलको जमिन टेक्दै गर्दा नै नरेशको मनमा 'एक दिन जेलबाट भाग्नु पर्छ' भन्ने लागेको रहेछ। यो "एकदिन जेलबाट भाग्नु पर्छ" भन्ने सोच नै जेलब्रेकको प्रारम्भिक योजना थियो। तत्कालीन समयमा दुनियाँमा जेल ब्रेक गरेका घटनाहरू बाहिर आइरहेको कारण पनि जेल ब्रेकको सोच आएको थियो। खास गरेर भारत, फिलिपिन्सलगायतका देशहरू जहाँ आन्दोलन भइरहेका थिए, त्यहाँका विद्रोहीहरूले जेल ब्रेक गरेका खबर आइरहेका थिए। यसको प्रभाव झापामा पक्राउ परेका राजबन्दीहरूमा पनि थियो। कुनै न कुनै बेला जेलबाट भाग्नु पर्छ भन्ने सोच नै जेल ब्रेकको गर्भ योजना थियो। झापा जेलमा बसेकै बेला पनि योजना

बनाएको उहाँ बताउनुहुन्छ । झापाबाट १० महिनामा सरुवा गर्दै नख्खु पऱ्याएपछि त्यहीँ योजना बनाउन थालिएको थियो ।

त्यो बेला राजबन्दीमाथि गरिने अति यातना दिइन्थ्यो । सँगै जेल पर्नुभएका राधाकृष्ण मैनालीले आफ्नो संस्मरणमा यस्तो लेख्नुभएको छ, "... यातनाले अर्धचेत म कसैलाई चिन्ने हालतमा थिइन । ..... अन्य साथीहरूलाई पनि चुटेर अचेत बनाइसकेको थियो । गिरफ्तार गरिएकामध्ये नरेश खरेल, हर्क खड्का र लीला कट्टेललाई प्रहरीले सबैभन्दा बढी पिट्यो । बरु तुलनात्मक रुपमा कम कुटाई खाने म नै थिएँ । नरेश खरेल र मनकुमार गौतमलाई दुष्टहरूले धेरै यातना दिए ।" (राधाकृष्ण मैनाली, नलेखिएको इतिहास, पृष्ठ ३४)

यी र यस्ता कयौं यानताहरू सहँदै, सबै खाले प्रतिकूलतालाई कुल्चदै दिनरात जेल ब्रेकको योजनामा नरेशहरू तल्लिन बन्नुभयो । यतिबेला सीपी मैनाली पनि पक्राउ परेर नख्खुमा सँगै हुनुहुन्थ्यो ।

२१ वर्षको कलकलाउदो उमेरमा नरेश खरेल जेल पर्नुभएको थियो । परिवारको जेठो छोरोलाई गुमाएको खरेल परिवारले पढेलेखेको बाठो कान्छो छोरोलाई पनि गुमाउँदै थियो । खाउँलालाउला भन्ने उमेरमा छोरो जेल परेको घटनाले आमाबुबा मर्माहत हुनुभएको थियो । पक्राउ परेको छोरोलाई हेर्न एक दिन नरेशका बुबा चन्द्रगढी कस्टडीमा पुग्नु भयो । तर, छोरोलाई नजिकबाट हेर्न, छुन र सुम्सुम्याउन पाउनु भएन । टाढाबाटै इसारामा कुरा गर्नु पऱ्यो । 'के खान्छस् कान्छा' भनेर बुवाले सोध्दा के भनौं के भनौं भएर कमरेड नरेशले चुरोट खाने इसारा गर्नु भएछ । कहिल्यै चुरोट नखाने छोरोले किन चुरोट माग्यो होला भन्ने बुबालाई लागेछ । सायद, मर्ने बेलामा चुरोट खाने मन भयो होला भनेर तीन बट्टा बिंडी किनिदिएर बुबा फर्कनु भएछ । त्यसपछि परिवारसँग राम्ररी कहिल्यै नरेशको भेट भएन । बुबाले दिएको बिंडी साथीहरूसँग बाँडेर कस्टडीमा बसुन्जेल खाएपछि फेरी कहिल्यै नरेशले चुरोट बिंडी खानुभएन रे ।

नरेश खरेल जेलमै भएका बेला उहाँका दाईलाई नरेश भनेर गाउँमा विरोधीहरूले कुटपिट गरेछन्। झट्ट हेर्दा दाजुभाई उस्तैउस्तै देखिने भएर विरोधीहरू झुक्किन्थे। किसान आन्दोलनमा जोडिएका झापाली क्रान्तिकारीहरू जो जेलमा थिए, उनीहरूलाई जेलभित्र ठूलो यातना थियो। जेलबाहिर उनीहरूका परिवारलाई पनि विभिन्न वहानामा दुःख दिने, दमन गर्ने गरिन्थ्यो। जसका कारण क्रान्तिकारीका परिवारहरू राज्य र विरोधीहरूबाट सधैं आतंकित र प्रताडित बन्नु परेको थियो।

कुनै पनि दिन जेलबाट भाग्नु पर्छ भन्ने सोच बोकेरै नख्खु पुगेका झापालीहरूको भेट निर्मल लामासँग भयो। निर्मल लामाले ढलबाट भागेर भद्रगोल जेल ब्रेक गर्ने योजना बनाउनु भएको रहेछन। यो २०१९/२०२० साल तिरको कुरा हो। प्रयास पनि गर्नु भएछ तर सफल हुन सकेनछ। निर्मल लामाले यो समय धेरै प्रतिकूल र अप्ठेरो भएकोले यस्तो योजना ‘आत्महत्या’ जस्तो हुन सक्नेभन्दै सचेत गराउनु भएको थियो। निर्मल लामाको अनुभव र प्रयासबाट शिक्षा लिंदै जेल ब्रेकको योजनाअगाडि बढ्यो। जेलबाट कसरी भाग्ने भन्ने उपायका बारेमा साथीहरूबीच मतभेद थियो। केही साथीहरू, खास गरेर राजन राजवंशीहरूको कुरा मुल ढोकाबाटै भाग्नु पर्छ भन्ने रहेछ। केहीको दिवाल नाघेर भाग्नु पर्छ भन्ने रहेछ। नरेश खरेललगायतका साथीहरूले सुरुङ नै सुरक्षित हुने तर्क गर्नुभएको रहेछ। यसैबेला जेल भित्रै रहेका वामबुद्धिजीवी बाबुकाजी वासुकलाले “टनेल वार” नामको चिनियाँ पुस्तक अनुवाद गरेर पढ्न दिनुभएको थियो। यो पुस्तक पनि योजनालाई सार्थक बनाउन सहयोगी भएको थियो। तर तीन वटै तरीका सँगसँगै अगाडि जाँदै थियो जब सुरुङनै प्रभावकारी हुन्छ भन्ने भएपछि सबै सुरुङ खन्ने काममा नै केन्द्रित भए।

यो बेलासम्म झापाको किसान आन्दोलनसँग सम्बन्धित प्रायः नेताहरूलाई नख्खु ल्याएको थियो। केपी ओलीलाई पनि नख्खुमै राखिएको थियो। सुरुङबाटै भाग्ने योजना बन्दै गर्दा केही साथीहरूलाई जेल सारियो।

केपी, आरके लगायतका साथीहरूलाई सेन्टर जेल सारियो । यता जेलभित्र सुरुङ खन्नेकार्यको अगुवाई नारद वाग्ले, भिष्म धिमाल, वीरबहादुर लामा र माधव पौडेलहरूले गर्न थाले । फागुन २१ गते जेलबाट भाग्ने योजना सहित २०३३ साल फागुन १० गते सुरुङ खन्ने कार्य सुरु भयो । खन्न थालेको ३२ औं दिन अर्थात २०३३ साल चैत्र १२ गते नख्खु जेल ब्रेक भयो । नरेश खरेल, सीपी मैनाली सहित १५ जना क्रन्तिकारीहरू जेलबाट भाग्न सफल भए ।

जेल ब्रेकको सपना पुरा भएर खुल्ला आकाशमा बाहिर निस्किएको ५ दिनपछि पुन पथलैयाबाट नरेश खरेल र घनेन्द्र बस्नेत पक्राउ परे । र, फेरि क्रुर यातनासहित हातमा हतकडी, नेल लगाएर गोलघरभित्र कठोर कारावासका दिन सुरु भए ।

## जेलबाट रिहाई र पार्टी काम

भद्रगोल जेलबाट २०४६ साल पुस १९ गते १२ जना राजबन्दीहरू रिहा भए । यो बेला वाममोर्चा र काँग्रेसबीच जनआन्दोलनको तयारी हुँदै थियो । यो तयारीलाई प्रभावित पार्ने गरी पञ्चायतले राजबन्दीहरूलाई रिहाइ गर्ने रणनीति बनायो । जस अन्तर्गत नरेश खरेल, घनेन्द्र बस्नेत, भोगेन राजवंशी, मंगलमर्डि सतार, मनकुमार गौतम, अम्बर कार्की, अम्बर अधिकारी, मोहनचन्द्र अधिकारी, सानु दुर्गा अधिकारी र मानकुमार तामाङलगायत रिहा भएका थिए ।

यस लगत्तै जनआन्दोलनको आगो सल्कियो । निरंकुश राजा जनतासामु घुडा टेक्न बाध्य भए । २०४६ साल चैत्र २६ गते नेपालमा फेरि प्रजातन्त्र स्थापना भयो । प्रजातन्त्र स्थापनासँगै जनताले स्वतन्त्रताको श्वास फेर्न पाउने भए, सबैमा उल्लास र उमंग देखियो ।

यतिबेलासम्म झापाको पार्टी जिम्मेवारीमा कमरेड अमृत वोहरा हुनुहुन्थ्यो । यसपछि झापा पार्टीको सचिवको जिम्मेवारी नरेश खरेलले प्राप्त गर्नुभयो ।

खरेल अञ्चल कमिटी सदस्य समेत हुनुहुन्थ्यो । भर्खर प्रजातन्त्र स्थापना भएकोले आम नागरिकमा एक प्रकारको उत्साह थियो । झापा विद्रोहबाट नेपाली राजनीतिको शिखरमा रहेका नेताहरू अब आफ्नो गाउँ फर्कंदै थिए । गरीब, किसानहरूका दिन आउँछन् भनेर हिजो गरिएका बाचाहरू पूरा हुने विश्वास थियो ।

पार्टीको पाँचौ महाधिवेशनबाट जनताको बहुदलीय जनवादको कार्यक्रम पारित भयो । एक हिसाबले नेपाली कम्युनिष्टहरू अब प्रजातान्त्रिक अभ्यासमार्फत समाजवादको बाटोमा अग्रसर भए । यो विश्व कम्युनिष्ट आन्दोलनमा एउटा नयाँ अभ्यास थियो । पार्टीका महासचिव कमरेड मदन भण्डारीको अगुवाईमा पारित भएको यही कार्यक्रम नै आज नेकपा एमालेको मार्ग दर्शक सिद्धान्तका रुपमा स्थापित छ ।

छैठौं महाधिवेशनका दौरान महाकाली सन्धिका विषयमा पार्टीभित्र ठुलो अन्तरविरोध देखियो । पार्टीभित्र विकसित हुँदै गएको गुटगत चिन्तन, दक्षिणपन्थी अवसरवाद र महाकाली सन्धीलाई हेर्ने, बुझ्ने विषयमा देखिएको अन्तर विरोधका कारण नेपाल कम्युनिष्ट पार्टी (एमाले) विभाजन भयो । कमरेड वामदेव गौतमको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (माले) पुनर्गठनको अभियान सुरु भयो । यहि अधिवेशनबाट नरेश खरेलले केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी प्राप्त गर्नुभयो । पछि सातौं महाधिवेशनसम्म आइपुग्दा पार्टी पुन एकिकरण भयो । यो पटक निर्वाचित केन्द्रीय सदस्यको जिम्मेवारी नरेश खरेलले प्राप्त गर्नुभयो । आठौं महाधिवेशनबाट खरेल पोलिट्ब्युरो सदस्य बन्नुभयो तर नवौं अधिवेशनमा पराजय व्यहोर्नु पऱ्यो । केन्द्रीय कमिटी सदस्य बन्न सक्नुभएन र १० औं महाधिवेशनमा पनि उहाँलाई 'पछि व्यवस्थापन गर्ने' भनेर उम्मेदवारी फिर्ता गराइयो ।

एउटै भुगोल र राजनीतिक अभियानमा सँगै भएका, १७ वर्षभन्दा बढि जेल जीवन बिताउनु भएका र झापा विद्रोहदेखि जेल जीवनसम्म आफूसँगै रहेका सहयोद्धा नै पार्टी अध्यक्ष भएकाबेला नरेश खरेल जिम्मेवारी विहीन

बन्नु परेको छ । झापा आन्दोलनका प्रायः नेताहरू एमालेबाट बाहिरिंदै गर्दा आन्दोनल भित्रकै एक मात्र साथीलाई जिम्मेवारी विहीन बनाउने कुरा नरेशले सोच्न पनि सक्नुभएको थिएन । तर, उहाँलाई १० औं महाधिवेशनले न्याय गर्न सकेन । उहाँको गुनासो छ, 'झापा विद्रोहबाटै आएका केपी ओली जब शक्तिमा आए, हामीले अपमानित हुनु पर्ने, बाहिरिनु पर्ने भयो ।'

छैठौं महाधिवेशनमा विभाजन व्यहोरेको नेकपा एमाले १० औं महाधिवेनसम्म आइपुग्दा फेरि विभाजित बनेको छ । यस्तो हुनुमा तत्कालीन अवस्थामा र यतिबेला उस्तै उस्तै प्रवृत्ति देखिएको खरेलको विश्लेषण छ । खरेल भन्नुहुन्छ, "छैठौं महाधिवेशनमा पार्टीभित्र देखिएको अन्तरविरोधलाई सम्बोधन गर्नुको सट्टा एकलौटी कमिटी घोषणा गरिएको थियो, उपेक्षा र अहंकार नै पार्टी विभाजनको मुख्य कारण थियो । यो १० औं महाधिवेसनमा पनि प्रकट भयो ।"

पाँचौं महधिवेशनमा प्रकट भएका अन्तरविरोधहरूको व्यवस्थापन जसरी मदन भण्डारीले गर्नु भएको थियो, त्यसबाट १० औं महाधिवेशनले पनि सिक्छ भन्ने विश्वास नरेश खरेललाई रहेछ । तर त्यो हुन सकेन । बरु, पार्टी अध्यक्षले छैठौं महाधिवेशनको प्रवृत्ति दोहोऱ्याउनु भएको खरेल बताउँनुहुन्छ ।

जीवनको उत्तरार्धमा नरेश खरेलले एक पटक संविधान सभा सदस्यको जिम्मेवारी प्राप्त गर्नुभयो । २०७० सालको निर्वाचनपछि खरेललाई पार्टीले संविधान सभा सदस्यमा मनोनित गरेको थियो ।

## नरेशको भागमा धोका र त्याग

२०४६ सालको परिवर्तनपछि नेपालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रिक व्यवस्था सुरु भयो । निरंकुश पञ्चायतको अन्त्य भयो, खुल्ला राजनीतिक परिवेश सुरु भयो तर पूर्ण स्वतन्त्रता भने होइन । यस्तै भए

पनि, उपयोग गरेर जानु पर्छ भन्ने नीतिका कारण कम्युनिष्टहरू पनि संसदीय अभ्यासमा प्रतिस्पर्धा गर्न तयार भएका थिए ।

२०४८ सालमा पहिलो संसदीय निर्वाचन हुने भयो । त्यो निर्वाचनमा झापाको छ वटा निर्वाचन क्षेत्र मध्ये २ नम्बर क्षेत्रबाट नरेश खरेलले टिकट पाउने पक्कापक्कि थियो । पछि सीपी मैनाली पनि झापा नै आउने इच्छा व्यक्त गर्नुभएछ, त्यसपछि यो अवसर खरेलले सिपीलाई दिनुभयो । सुरुमा, सिपी पोखरा जाने कुरा थियो । उहाँले प्रजातन्त्रपछिको पहिलो अवसरलाई त्याग्नु परेको थियो । संसदीय मोर्चाको जिम्मेवारी त्यागेर झापाको पहिलो आम निर्वाचन सचिवको हैसियतले नरेश खरेलले नै हाँक्नुभएको थियो । पहिलो संसदीय निर्वाचनमा झापामा सबै क्षेत्रमा नेकपा एमालेले विजय हासिल गरेको थियो । त्यसयता कहिल्यै झापाले त्यत्तिको सफलता हासिल गरेको छैन ।

पहिलोपल्ट आउँदै गरेको अवसरलाई नरेश खरेलले इमान्दारीपूर्वक पार्टीका लागि त्याग गर्नुभयो । यहींबाट खरेलको भागमा त्याग र योगदान मात्र पर्न थाल्यो । इमान र निष्ठा खरेलको पहिचान बन्दै गयो । के पाइन्छभन्दा पनि के दिन सकिन्छ भन्नेमा नै नरेश खरेलको ध्याउन्न देखियो ।

संसदीय निर्वाचन सम्पन्न भई सकेको थियो । त्यसपछिको पहिलो स्थानीय तहको निर्वाचन २०४९ मा झापाको जिल्ला सभापतिमा नरेश खरेललाई नै टिकट दिने निधो भयो । समकालीन साथीहरू २०४८ मै सांसद भइसकेका थिए । त्यही भएर पनि खरेलको व्यवस्थापन खोजिएको हुन सक्छ । तर, पछि सिपीले ‘पार्टी चलाउनु पर्छ, तपाईले पार्टी हाँक्ने हो, संसदीय मोर्चामा गएपछि पार्टी कमजोर हुन्छ’ भन्दै यो अवसरबाट पनि बञ्चित गराए । सभापतिको उम्मेद्वार भवानी घिमिरेलाई बनाइयो । यस पटक पनि पार्टीका लागि नरेशले त्याग गर्नु पर्‍यो ।

यो क्रम यत्तिमैं रोकिएन । दोस्रो स्थानीय तहको निर्वाचन २०५४मा फेरि उहाँलाई जिल्ला विकास समितिको सभापतिको टिकट आयो । उहाँको नाममा आएको टिकट उहाँको हातमा भने परेन । त्यसबेला केपी आलीले नै तपाईं सभापतिको तयारी गर्नुस्, यस पटक सभापति बन्नु पर्छ भनेर नै नरेशले तयारी गर्नुभएको रहेछ । पछि टिकट आए पनि बाहिरै विभिन्न चलखेल भए । सोही पदमा अर्जुन राईसहितको टिम बनाएर उठाइयो । पछि अर्जुन राई र खरेल बीचमा सभापतिमा निर्वाचन भयो । खरेललाई हराइयो र अर्जुन राई जिल्ला विकास समितिको सभापति बन्नुभयो । यो पटक भने खरेल आन्तरिक दाउपेच र षडयन्त्रको सिकार हुनुभयो ।

यो सिलसिला यत्तिमैं रोकिएन । २०६३ को परिवर्तनपछि भएको पहिलो संविधान सभाको निर्वाचनमा खरेल झापा क्षेत्र नम्बर १ बाट उम्मेदवार बन्नुभयो । त्यसबेला सबैले उहाँलाई जित्ने आँकलन गरेका थिए । तर, यो निर्वाचनमा पनि खरेलको भागमा पराजय नै पर्‍यो । जीवनको उर्वर समय राजनीतिमा बिताएका खरेलले यति बिघ्न धोकाधडि, षडयन्त्र र पराजय ब्यहोर्नुभए पनि कहिल्यै राजनीतिक आस्था र विचारबाट विचलित बन्नुभएन । बरु कम्युनिष्ट आन्दोलनमा विचार र व्यवहारले अझ खरो बनेर रहनुभयो ।

## नरेश खरेलको आज

एउटा सादगीपूर्ण जीवन शैली, स्पष्ट दृष्टिकोण र आन्दोलनप्रतिको अगाध विश्वास नरेश खरेलको आजको खुल्ला चित्र हो । इमान्दार हुनु भनेको सबैखाले अवसर र प्रतिकूलतालाई समाना गर्न सक्नु पर्छ भन्ने मान्यता खरेल राख्नुहुन्छ । भन्नुहुन्छ, 'मेरा कुनै व्यक्तिगत स्वार्थ र अपेक्षा छैनन् ।'

उहाँको दिन पार्टी काम र कार्यकर्ता भेटघाटमैं बित्छ । घोषित जिम्मेवारी नभए पनि लामो र गौरवपूर्ण इतिहाससँग जोडिएका लहराहरूको संरक्षणमा क्रियाशील हुनुहुन्छ । मानिसहरूले गर्ने सम्मानपूर्ण व्यवहारका कारण उहाँ व्यक्तिगत रुपमा सन्तुष्ट नै देखिनुहुन्छ ।

यद्यपि उहाँलाई आज पनि गरीब, भोका-नांगा, निमुखाहरूको दिन नआएको र उनीहरूमाथि हुने अत्याचार र शोषण कायम रहेकोप्रति गहिरो चिन्ता छ । गरीब, किसानहरूको मुक्तिका लागि भनेर जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति उहाँ गहिरो सम्मान व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म पनि त सहिद बन्न सक्थें, तर आज कम्युनिष्ट आन्दोलनको जे हविगत भएको छ, यो अत्यन्तै दुःखको कुरा हो ।' यसको अर्थ कम्युनिष्ट आन्दोलन समाप्तिको बाटोमा गयो भन्ने बुझाई छैन नरेश खरेलको । बरु उहाँ त झन उचाईका साथ, झन मनोवलका साथ कम्युनिष्ट आन्दोलन अगाडि जाने विश्वास व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'जबसम्म शोषण, उत्पीडन र विभेद कायम रहन्छ, तबसम्म कम्युनिष्ट पार्टीको आवश्यकता र औचित्य रहन्छ ।'

आज पनि नेपाली कम्युनिष्ट आन्दोलनको मूलधारको नेता तथा पार्टीका रुपमा नेकपा एमाले नै भएको र यसबाटै समाजवादी यात्रा तय गरिनु पर्ने खरेलको धारणा छ । विचार र बुझाईमा प्रष्ट नरेश खरेलले राजनीतिका लागि ५० वर्षभन्दा बढी समय दिएर आफ्नै खुन पसिनाले स्थापना गरेको पार्टीले यो पटकबाट ७० वर्ष पुगेकाहरूलाई अवकाश दिने नीति लिएको छ । अब एक वर्षपछि नरेश खरेल पनि औपचारिक रुपमा राजनैतिक अवकासमा जानुहुनेछ । यस सन्दर्भमा खरेल भन्नुहुन्छ, 'कार्यकारी राजनीति नगरे पनि म राजनीतिबाट बाहिर जान सक्दिन । कम्युनिष्ट आन्दोलनमा इमान र निष्ठाको रक्षा गर्नु पर्छ । त्याग र योगदानको कदर भएन भने नयाँ पुस्तालाई आकर्षण गर्न सकिन्न र आन्दोलन बचाउन कठिन हुन्छ ।'

---

*(लेखक प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य तथा विचार मंच डटकमका प्रधान सम्पादक हुनुहुँछ ।)*